मितिः२०७७/०५/२८
बैठक संख्या-१०५
समयः११:३० बजे

**निर्देशन तथा निर्णयः**

समितिको आजको बैठक समितिका सभापतिज्यूको अध्यक्षतामा बस्यो। बैठकमा कोभिड-१९ को कारणबाट लामो समयदेखि रोजगारी गुमाई विदेशमा अलपत्र अवस्थामा परेका नेपाली श्रमिकहरुलाई स्वदेश ल्याउने सम्बन्धमा भएको कार्यप्रगति, शीघ्र उद्धारकार्य हुन नसक्नुका कारण र समस्या समाधानका सम्बन्धमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री, परराष्ट्र तथा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका प्रतिनिधि र बैदेशिक रोजगार प्रबर्द्धन बोर्डका कार्यकारी निर्देशकको सहभागितामा भएको छलफल पश्चात देहायबमोजिम निर्णय गऱ्योः

१. आजको बैठकमा आमन्त्रण गरिएका संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री विना जानकारी समितिको बैठकमा अनुपस्थित हुनुभएकोमा समितिको गम्भीर ध्यानाकर्षण भएको छ।

२. वैदेशिक रोजगारीको लागि साउदी अरब, कतार, कुवेत, मलेसिया आदि देशमा गएका र कोभिड-१९ को कारणबाट लामो समयसम्म रोजगार बिहिन भई अलपत्र अवस्थामा रहेका श्रमिकहरुलाई नेपाल ल्याउने सम्बन्धमा सम्बन्धित सरकारी निकायहरुले समन्वयात्मक रुपमा प्रभावकारी तरिकाले कार्यसम्पादन गर्न नसकेकोमा समितिको गम्भीर ध्यानाकर्षण भएको छ।

यसरी अलपत्र अवस्थामा परेका श्रमिकहरुलाई नेपाल ल्याउने कार्य तत्काल गर्न र जतिसक्दो छिटो त्यस्ता श्रमिकहरुलाई स्वदेश फिर्ता गरिसक्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र परराष्ट्र मन्त्रालयलाई निर्देशन दिने।

३. विदेशबाट ल्याईएका श्रमिकहरुलाई क्वारेन्टीनमा राखुपर्ने अवस्थामा सम्बन्धित प्रदेश र स्थानीय तहहरुसँग समन्वय र सहकार्य गरी व्यवस्थित तरिकाले क्वारेन्टीनमा राख्न सिसियमसी, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देशन दिने।

४. नेपाल सरकारले नेपाली श्रमिक रहेका मुलुकमा अवस्थित दुतावाससँग पर्याप्त समन्वयको अभावमा उद्धार कार्य प्रभावकारी हुन नसकेको पाईएकोले आउँदा दिनमा दुतावास र सरोकारवाला निकायहरुबीच प्रभावकारी समन्वय गरी उद्धार कार्यमा कुनैपनि कमजोरी हुन नदिन सिसियमसी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र परराष्ट्र मन्त्रालयलाई निर्देशन दिने।

५. कोभिड-१९ का कारणले रोजगारी गुमाएका श्रमिकहरु हाल भोक भोकै रहेको विकराल अवस्था उत्पन्न भएकोले स्थानीय तहसँग समन्वय गरी भोकमरीको समस्या तत्काल समाधान गर्न नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालाय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देशन दिने।

६. विदेशबाट आफ्नै खर्चमा स्वदेश आउन नसक्ने गरी अलपत्र अबस्थामा रहेका श्रमिकहरुको यथार्थ तथ्याङ्क संकलन गरी त्यस्ता श्रमिकहरुलाई राज्यकोषबाट खर्च व्यहोरेर पनि ल्याउने ब्यबस्था गर्न नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई निर्देशन दिने।

७. विदेशबाट नेपाल श्रमिक ल्याउँदा नेपाल वायुसेवा कम्पनीहरुलाई विदेशी एयरलाईन्स कम्पनीले नेपालमा उडान नभर्ने साउदी अरेविया जस्ता देशहरुमा केन्द्रित गर्न र अन्य देशमा जुन एयरलाईन्सबाट ल्याउँदा छिटो, छरितो, सहज र मितव्ययी हुन्छ त्यस्ता एयसलाईन्सलाई प्राथमिकता दिन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र परराष्ट्र मन्त्रालयलाई निर्देशन दिने।

८. कोभिड-१९ का कारणबाट बेरोजगार बनेका श्रमिकहरुको तत्काल दर्ता/पञ्जिकरण गर्न र हाल देशमा कुन कुन क्षेत्रमा के कति श्रमिकहरुको आवश्यक छ सोको यथार्थ विवरण सार्वजनिक गरी नेपाल सरकारका अन्य मन्त्रालयका साथै प्रदेश र स्थानीय सरकारसँग समन्वय गरी रोजगारी उपलब्ध गराउन नेपाल सरकार र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई निर्देशन दिने।

९. नेपाली श्रमिकहरुलाई नेपाल ल्याउने उद्धार उडानहरु पर्याप्त संख्यामा सञ्चालन नभएको कारणबाट विदेशमा अलपत्र पर्ने नेपालीहरुको संख्या दिनप्रतिदिन बढ्दै जाने देखिएकोले नियमित र चार्टर दुबै प्रकारका उडानको संख्या तुरुन्त बृद्धि गरी जतिसक्दो छिटो सबै अलपत्र श्रमिकहरुलाई नेपाल ल्याउने कार्य सम्पन्न गर्न सिसियमसी, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र परराष्ट्र मन्त्रालयलाई निर्देशन दिने।

(झलक शर्मा सापकोटा)
समिति सचिव

(विमल प्रसाद श्रीवास्तव)
सभापति